भृकुटी

(पूर्णाङ्की नाटक)



मोहनकृष्ण डंगोल

श्री गणेशाय नमः   श्री सरस्वत्यै नमः

भृकुटी

पूर्णाङ्की नाटक

लेखक

मोहनकृष्ण डंगोल

अनुवादक

शशिकला मानन्धर

भृकुटी

लेखक	:	मोहनकृष्ण डंगोल
अनुवादक	:	शशिकला मानन्धर
प्रकाशक	:	नाति-नातिनीहरु
		प्रतिभा सिं श्रेष्ठ
		दिपा सिं मानन्धर
		कृति महर्जन
		लूनिभाः डंगोल गोपाली
		विभाष बासुकला
प्रथम प्रकाशित	:	५०० प्रति
		वि.सं. २०७४ भाद्र
कम्प्यूटर	:	सुर संसार ग्राफिक्स कर्नर
		रत्नकाजी मन । फोन : ९८४१२१५५०
मुद्रण	:	फर्म्याट प्रिन्टिङ प्रेस, नरः
© सर्वाधिकार	:	लेखकमा सुरक्षित
मूल्य	:	१५०/-
ISBN	:	978-9937-0-2980-3

अनुवादकको मनको कुरा

म इतिहासको विद्यार्थी होइन तर इतिहास पढ्न मन पराउँछु। यस पुस्तकका लेखक मोहनकृष्ण डंगोलज्यू बिरामी हुनुहुन्छ भन्ने खबर सुनेपछि २०७२ साल चैत्र महिनामा वहाँलाई भेट्न गएकी थिएँ। कुरैकुरामा नेपालभाषामा प्रकाशित 'भृकुटी' पूर्णाङ्की नाटक अब नेपाली भाषामा अनुवाद भएको हेर्ने वहाँले इच्छा गर्नुभयो र अनुवाद गर्ने काम मलाई सुम्पिदिनुभयो। मलाई भृकुटीबारे पढ्न मन लागिरहेको थियो। त्यही 'मन लाग्नु'को कारणले 'म प्रयास गर्छु' भनेर स्वीकृति दिन पुगें।

हुन त २०६३ सालमा मेरो नेपालभाषाको पूर्णाङ्की नाटक 'न्हूगु परसि' प्रकाशित भएको थियो। अझ २०४४ साल र २०४५ सालमा गरी दुईवटा एकांकी नाटक क्याम्पसबाट मञ्चन पनि भइसकेका थिए। नाटक कस्तो हुनुपर्छ भन्ने मेरो बुझाइमा भाषा सरल, सम्वाद छोटो छोटो, बोली पात्रको चरित्र अनुसार र दृश्यको चित्रण देखाउन सम्भव भएको हुनुपर्दछ। यो नाटक अनुवाद गर्दा नभनी नहुने एउटा कुरा छ, यस भृकुटी नाटक नेपालभाषा संस्करण नै सच्याएर, सम्पादन गरेर मात्र प्रकाशित गर्नुभएको भए अझ राम्रो हुने थियो। किनकि सम्वाद लामा लामा भएकाले र दृश्यमा असम्भव चित्रण पनि भएकाले मलाई अनुवाद गर्न अलि गाह्रो नै भयो। २०७३ साल बैशाख र जेठ, दुई महिनाको

समय मलाई दिनुभएको थियो, उक्त समयभित्र मैले अनुवाद गर्ने काम सिध्याएँ ।

अनुवाद गर्ने क्रममा केही सुधार गर्ने विचार भएतापनि लेखक सिकिस्त बिरामी (डाइलासिसले बोल्न गाह्रो भएको अवस्था) हुनुभएकोले सल्लाह गर्ने मौका पाइनँ । यसकारण जे जस्तो छ त्यस्तै, तर लेखकको भाव नबिगारीकन अनुवाद गरेकी छु, शब्द चयन गर्न मेहनत गरेकी छ ।

अन्तमा मलाई यो 'भृकुटी' नाटक नेपाली भाषामा अनुवाद गर्ने सुअवसर दिनुभएकोमा लेखक मोहनकृष्ण डंगोलज्यूप्रति आभार व्यक्त गर्दछु । धन्यवाद ।

शशिकला मानन्धर
२०७३ जेठ,
पकनाजोल, काठमाडौं

नाटककारको मन्तव्य

अंशुवर्मा लिच्छवीकालको राजा शिवदेवको छोरीज्वाँइ हो । सुरुमा अंशुवर्मालाई राजा शिवदेवले महासामन्तको पद दिएर काम सञ्चालन गराइरहेको थियो । पछि राजा दिवंगत भएपछि अंशुवर्मा आफै नै राजा भएर आफ्नो नाम राखेर मुद्रा निकालेर आफैले नै महाराजाधिराजको पदवि लिई राज्य सञ्चालन गऱ्यो ।

अंशुवर्मा एउटा पराक्रमी, बुद्धिमान राजा हो। त्यो समयमा भारतमा प्रतापी राजा हर्षवर्द्धन र तिब्बतमा प्रतापी राजा श्रङचङगम्पोले शासन गरिरहेका थिए । त्यति शक्तिशाली राजाहरुले राज्य गरिरहेका बेला नेपालका राजाले आफ्नो बुद्धि, बल र विवेकले घरेलु उद्योग, कृषि व्यवस्था, न्यायिक क्षेत्र र शिक्षा आदिको विकास गरेका थिए । जनतालाई ऋणमोचन गरेर कान्तिपुरमा अनेक मठमन्दिर बनाएर यहाँको सामाजिक, धार्मिक र सांस्कृतिक क्षेत्रमा समस्तिगत रुपले विकास गरेका थिए । चीनको यात्री हुयेन साङ्गले आफ्नो नेपाल भ्रमणमा अगाढ सम्बन्ध राखेर राज्य संचालन गर्नमा पोख्त राजाको रुपमा चित्रण गरेर गएका थिए ।

राजा अंशुवर्मा हिन्दू धर्मप्रति आस्थावान भएर पनि बौद्ध धर्मलाई पनि त्यति नै आदर गर्ने भएकोले प्रजाहरुले धर्म निरपेक्ष राजाको रुपमा मानेका थिए । अंशुवर्मा राजाको राज्यकाल वि.सं. ६६२ देखि ६७८ सम्म

भन्दाखेरि १६ वर्षको राज्य अवधि रहेको थियो । उक्त अवधिको समयमा लडाँइबाज (लडाकु) राजा श्रङ्चङगम्पोसित पनि लडाइँ गर्न नपर्ने गरी आफ्नो बुद्धिबल प्रयोग गरेर राजासित आफ्नी छोरी भृकुटीको विहे गरिदियो र तिब्बतसँग मित्रता गाँसेर सम्बन्ध सुमधुर बनायो । अझ त्यति मात्र होइन, महारानी भृकुटीबाट बोन धर्म मान्ने तिब्वतीहरुलाई बौद्ध धर्म गुरु दिपंकर बज्रको दिब्य उपदेश र सर्वजन सुखाय सर्वजन हितायको अलौकिक शक्तिको बलले बुद्ध धर्मप्रति आस्था जगाइदियो ।

राजा अंशुवर्माको राज्यकालमा चौतर्फी विकास भएर अनुकरणीय कामहरु धेरै भएकोले उक्त समयलाई लिच्छवीकालको स्वर्णयुग पनि भनिन्छ ।

दरवारमा हुर्केकी राजकुमारी भृकुटी लडाकु राजा श्रङ्चङगम्पोसँग बिहे गरी तिब्बत देश गइन् । त्यहाँ आफ्नो प्रेम र धर्मको शक्तिले तिब्बतलाई प्रभावित पारिन् र विश्वभरि बौद्ध धर्मको ध्वजा (झण्डा) फरफराउन सफल भइन् । भृकुटीको लिखित दस्तावेज नभएतापनि वि.सं. १३०१ (इ.सं. १२४४) जन्मेका १७ वर्षिय कलाकार अरनिकोले अस्सीजना कलाकारसहित महाचीनका सम्राट कुब्लाईखाँको निमन्त्रणामा त्यहाँ गएर स्वेत चैत्य बनाए । त्यो भन्दा ६०० वर्ष पहिले नै भृकुटीले बौद्ध धर्म प्रचार गरिसकेकी थिइन् ।

अब तिब्बतमा विकासको क्रममा निकै परिवर्तन आइसकेको छ । यसकारण महारानी उयेन चेङले निर्माण गराएको वा गरेको रामोचे मन्दिर र महारानी भृकुटीले निर्माण गराएको वा गरेको जोखाङ्ग बही यथावत रुपमा रहन नसक्ला तर अरनिको आफैले बनाएको श्वेतचैत्य यथावत नै रहेको छ । भोलि त्यो श्वेत चैत्य पनि रहन नसक्ला तर इतिहास त रहिरहन्छ । इतिहास लिखित मात्र होइन, अलिखित पनि हुनसक्छ ।

आदरणीय धर्मरत्न यमिज्यू आज हामीबीच हुनुहुन्न । तर वहाँले

अमूल्य कृतिहरु दिएर जानुभएको छ। वहाँको अमूल्य कृति मध्ये वहाँले धेरै वर्ष तिब्बतमा बसेर अध्ययन र अनुसन्धान गरेर लेख्नुभएका कृतिहरु 'सँ देय्या लिसः' (तिब्बतको जवाफ) खण्डकाव्य र 'भृकुटी' उपन्यास हुन्।

भृकुटी नाटक लेख्ने बिचार मनमा कसरी पलायो ?

आदरणीय चित्तधर हृदयज्यूको 'सुगत सौरभ' महाकाव्य पढें, एक हरफ दुई तीनचोटी पढिसकेपछि मात्र बल्ल बुझ्ने। बुझिसकेपछि आनन्द लाग्ने।

त्यस्तै सत्यमोहन जोशीज्यूको 'श्वेत चैत्य' पढें, निक्कै मनपऱ्यो। भाषा पनि सरल, बुझ्न सजिलो भएकोले रमाइलो लाग्यो। त्यसपछि 'श्वेतचैत्य'मा आधारित ज्ञानकाजी मानन्धरज्यूले लेख्नुभएको 'अरनिकोया श्वेत चैत्य' (अरनिकोको श्वेत चैत्य) नाटक पढें। त्यो नाटक पढेर मलाई चालीस वर्ष अगाडि डबली नाटक लेखेको सम्झना भयो जसले मलाई अनायास डबलीमा उभ्याउन लग्यो। फेरि नाटक लेख्ने मेरो इच्छालाई जागृत गराइदियो। इच्छा त भयो। तर भ्याउन सकिन। बल्ल समय मिलाएर लेख्न बस्दा पनि के लेख्ने भनेर थाहा नहुने। आँखा चिम्लेर विचार गर्दा नसक्ने, बरु निद्रा नै आउने। निद्राबाट बिउँझन्छु, तैपनि विचार गर्न नसक्ने। अरु काम सम्झन्छु अनि लेख्ने विचार एकातिर पन्छाएर अरु नै काममा व्यस्त भएर दिन बित्ने। महिनौं मात्र होइन, वर्षौं बिते। मैले केही लेख्न सकिन। त्यही समयमा अमेरिकामा बस्ने छोराकहाँ जाने मौका मिल्यो। श्रीमती र म अमेरिका गयौं। चार पाँच दिनसम्म त रमाइलो भयो। त्यसपछि दिन बिताउन गाऱ्हो भयो। छोरा बिहान आठ बजे उठ्थ्यो अनि चिया पिउँदै मोटर चलाउँदै कारखाना जान्थ्यो। नाति स्कूलमा र बुहारी पनि कहिलेकाँही नातिसँगै बाहिर जान्थिन्। घरमा हामी बुढाबुढी मात्र हुन्थ्यौं। बुढाबुढी दुईजनाले गफ कति गर्ने ?

त्यसपछि मैले नियास्रो समयको सदुपयोग गरी उपन्यास लेख्ने

विचार गरें। बिहान १० बजे भात खाएर एकछिन सुत्ने। १२ बजेतिर उठ्ने। उठेर टेबुल अगाडि बस्ने। अनि विचार गर्दै लेख्ने। म अमेरिका जानु अगाडि नै 'विधि हे विपरित जुसेंलि' उपन्यास लेखिसकेर छापेर पनि 'प्रेममोहन सिरपाः गुथि' स्थापना गरेको दिनमा सत्यमोहन जोशीज्यूबाट विमोचन गराएको थिएँ। त्यसले मलाई उत्साहित गराएको थियो र अमेरिकामा बसेर दोश्रो उपन्यास 'विधिया लःघः' पनि लेखें। उक्त उपन्यासमा 'प्रेम-मोहन सिरपाः गुथि'का अध्यक्ष राजा शाक्य, साहित्यकार अपर्णा प्रधान, कथा र उपन्यास लेखक मथुरा साय्मिहरुले आ-आफ्ना मन्तव्य लेखिदिनुभएका थिए। पहिलो 'प्रेम-मोहन सिरपाः' प्रदान गर्ने दिनमा उक्त उपन्यासको विमोचन गराएँ। त्यसपछि त्यो उपन्यासको अन्तिम भाग लेख्ने विचार गरेको थिएँ। तर धर्मरत्न यमिज्यूको 'भृकुटी' उपन्यासले मलाई आकर्षित गऱ्यो। 'भृकुटी' नाटक लेख्ने इच्छा यति प्रबल भइदियो कि उपन्यास लेख्न छोडेर 'भृकुटी' उपन्यासमा आधारित 'भृकुटी' नाटक लेखें। यस 'भृकुटी' नाटक अध्ययन गर्नु भई नाटककार ज्ञानकाजी मानन्धरज्यूले मन्तव्य लेखिदिनु भयो। वहाँले नाटकमा भएका कमीकमजोरी देखाइदिनु भयो। वहाँको मार्गदर्शन मेरो मनमा अमित छाप भएर बसिसकेको छ र त्यसै अनुरुप म अघी बढ्ने बचन दिन्छु।

यो पुस्तक तयार गर्ने क्रममा राजा श्रङचङगम्पोले बोल्ने सम्वादलाई भोटे भाषामा नै लेख्ने विचार गरेँ र कतै कतै भोटे शब्द पनि। त्यसको निम्ति नेपालभाषासेवी श्रीमती धर्मशोभा तुलाधरज्यू र हाम्रो परम्परागत बाऱ्हमासे गीतको लागि सहयोग गर्ने संगीतज्ञ शेषनारायण महर्जनज्यूप्रति धन्यवाद ज्ञापन गर्दछु। साथै पुस्तकको आवरण लेखिदिनु हुने कलाकार पञ्चरत्न डंगोलज्यूलाई पनि धन्यवाद ज्ञापन गर्दछु। धन्यवाद।

इ. मोहनकृष्ण डंगोल

ने.सं. ११३४ बछलागाः पारु

बिजयश्वरी, काठमाडौं।

“भृकुटी” पूर्णाङ्की नाटक पढेपछि

नाटक एउटा पुरानो साहित्यिक विधा हो। नेपालभाषा साहित्यमा मलाई लाग्छ, पुराना पुराना भजन गीत पनि एउटा विधा हो। किनकि पहिले पहिलेका मान्छेहरु धर्मप्रति धेरै नै आस्थावान थिए। तिनीहरु बिहान बेलुका मन्दिर अगाडि अथवा सत्तल, पाटीमा बसेर विभिन्न बाजा बजाएर ईश्वर पुकारेर भजन गाउँथे। पछि धर्मको विषयमा नृत्य देखाउने सुरु गरे। देश रक्षाको लागि अष्टमातृका गणलाई मुकुण्डो पहिराएर (लगाउन दिएर) देवी नृत्य देखाए। त्यसमध्ये हरिसिद्धि नृत्यलाई नेपालको सबभन्दा पुरानो नृत्य भनिन्छ। मुकुण्डो पहिराएर (लगाउन दिएर) गरिने नृत्यमा सम्वाद हुँदैन। तर हरिसिद्धि नृत्यमा भने सम्वाद पनि छन्। अरु विभिन्न देवी नृत्य मध्ये एउटा श्वेतकाली नृत्य पनि हो। यो देवी नृत्यमा सम्वाद छैन तर नृत्यको हाउभाउ अनुसार श्वेतकालीको छोरी कुमारी र दैत्यराज चण्डासुरबीच प्रेम बसेको बेला श्वेतकालीले कुमारीलाई जाँड खान दिई क्रोधित बनाई दैत्यराज चण्डासुरलाई मार्न लगाउने कुरा स्पष्ट बुझिन्छ। यस्तो देवी नृत्य पछि राजा तथा राजकुमारहरुको विषयमा नाटक लेखी डबलीमा देखाउन सुरु गरे। संस्कृत साहित्यमा उन्नाइससय वर्ष अघि आचार्य भासले स्वप्नवासवदत्ता लेखिसकेका थिए भने पाश्चात्य साहित्यमा दुईहजार वर्ष अघि नै अरिष्टोटल, एस्कलस, सोफोक्लिज आदिले नाटक लेखिसकेका थिए। नेपालभाषा साहित्य क्षेत्रमा पनि आजभन्दा चारसय वर्ष पहिले नै ‘मूलदेव-शशिदेव’, ‘कात्तिक-नाच’ जस्ता

नाटक रचना भइसकेका थिए। देश निर्माण क्रममा विविध सांस्कृतिक कार्यक्रम गर्न, फेरि नाटक देखाउन ठाउँठाउँमा डबली बनाएका थिए। मल्लकालमा देवी-देवताको कथामा आधारित धेरै नै नाटक मन्चन गरेका थिए। तर टोलटोलका डबलीमा मन्चन गरेका नाटकलाई लिपिबद्ध गरेर राखेको भेटिन्न। बनेपाका राजा रण मल्लका छोरा माधव मल्लको बिहेको उपलक्ष्यमा 'पाण्डव विजय' नाटक पनि त्यस्तै बनेपाकै सार्वजनिक डबलीमा देखाएको थियो। उक्त नाटक राजा रण मल्लले लेखेको भन्थे। मेरो बुबाले पनि आफ्नो जीवनकालमा पूर्णाङ्की र एकांकी, जम्मा २१ वटा जति नाटक लेखेर सबै टोलका डबलीमा मन्चन गर्नुभएको थियो। बुबाद्वारा लिखित 'सुधन राजकुमार' नाटकमा म पनि दूत भएर खेलेको थिएँ। त्यो पनि सार्वजनिक डबलीमा नै मन्चन गरिएको थियो। पछि हुँदै डबलीको विकास हुँदै गए, नाटक मन्चन पनि राम्रो हुँदै गयो।

अब मोहनकृष्ण डंगोलज्यूले राजा अंशुवर्माकी छोरी 'भृकुटी' नामक पूर्णाङ्की नाटक लेख्नुभएको छ। वहाँ विविध सामाजिक संघ संस्थाका अध्यक्ष र सदस्य भएर धेरै नै काम गरिसकेका क्रियाशील व्यक्तित्व हुनुहुन्छ। अझ नेपालभाषालाई माया गरेर तीनलाख रुपियाँको अक्षयकोष खोली 'प्रेम-मोहन सिरपा: गुथि'को स्थापना गर्नुभयो। दुईवर्षको एकचोटी उत्कृष्ट उपन्यास लेख्ने महिला वा पुरुष उपन्यासकारलाई अनि अर्को दुईवर्षमा उत्कृष्ट नाटक लेख्ने महिला वा पुरुष नाटककारलाई रू. पचास हजारको पुरस्कार प्रदान गर्दै आएको छ। त्यसपछि वहाँको छोराछोरीहरुले अक्षयकोषमा रू. दुईलाख थपिदिएका छन्। यसरी नाटक र उपन्यासमा अभिरुचि हुने मोहनकृष्ण डंगोलज्यूले दुईवटा उपन्यास र एउटा पूर्णाङ्की नाटक 'भृकुटी' लेखिसक्नुभएको छ।

हुन त भृकुटी छिन् भनेर नेपालको कुनै वंशावलीमा लेखिराखेको छैन। लिच्छविकालको अभिलेखमा पनि भृकुटी सम्बन्धी कुरा कतै उल्लेख भएको पाइन्न। नेपालको पुराना पुराना ग्रन्थहरुमा पनि उल्लेख गरेको देखिन्न। तर तिब्बती वंशावलीमा भने राजकुमारी भृकुटीको बारेमा राम्ररी उल्लेख गरिएको छ भनेर मैले सुनेको छु। त्यसैले इतिहासकार दिल्लीरमण रेग्मीज्यू र अरु इतिहासकारहरुले आफ्ना इतिहास पुस्तकमा भृकुटीको

बारेमा लेख्नुभएको हुनसक्छ। भृकुटी नेपालकी छोरी भएको कारणले हामी सबैले गर्व गर्छौं। यसकारण पनि मोहनकृष्ण डंगोलज्यूले 'भृकुटी' विषयमा यो नाटक लेख्नुभयो। नाटकको प्रथम दृश्यमा बालिकाहरुको खेल सुरु हुन्छ। जुन हाम्रो पुरानो खेल हो। अनि पछिको दृश्यमा तिब्बती राजा श्रङ्चङगम्पो नेपालसँग युद्ध गर्न आफ्ना फौजसहित साँखुको मणिचूड डाँडामा आइपुगेको कुराको चर्चा छ। नेपालसम्म राजा श्रङ्चङगम्पो आएर हमला गर्न आएको कुरा कतै उल्लेख भएको देखिन्न। तर नाटकमा यस्तो परिस्थिति सिर्जना गरेर नेपाली जनताको देशप्रति ज्यान अर्पण गर्ने कुरा छ, त्यो निकै प्रशंसनीय छ।

यसमा जनताको साहस र राजा अंशुवर्माको राम्रो नीति पनि देखाइएको छ। त्यो के भने युद्ध गर्दा दुवैतिर नाश हुन्छ। यो काम गर्न हुन्न, गराउन हुन्न भन्ने विचार गरेर तिब्बती राजा श्रङ्चङगम्पोसँग आफ्नी छोरी भृकुटीको बिहे गरिदिने तरिका, जुन नाटककारको दक्षता भन्न सकिन्छ। राजा अंशुवर्माले तिब्बती राजालाई राम्राराम्रा बहूमूल्य उपहार स्वरुप सामानहरु पठाएर हिंसात्मक प्रवृत्तिलाई परिवर्तन गराई शान्ति र मैत्रीपूर्ण भावना उत्पन्न गराएको छ, त्यो निकै प्रशंसनीय छ। यही सन्दर्भ मिलाएर भृकुटीको श्रङ्चङगम्पोसित बिहे गराएर नेपाल सुरक्षित गरिदियो भन्ने नाटकको मूल विषय हो। राजा श्रङ्चङगम्पो निक्कै रिसाहा र हिंसात्मक प्रवृत्ति भएको लडाकु हो भन्ने कुरा देखाएको छ।

यो नाटकको एउटा दृश्यमा चारजना विद्रोहीहरु लिएर महासामन्त राजा श्रङ्चङगम्पोको अगाडि पुग्छ। त्यो समयमा राजा निकै क्रोधित भएर एकजनालाई घिसारेर पर लगी तरवारले काटेर डबलीमा आउँदा रगतले लटपटिएको तरवार त्यसरी नदेखाएको भए हुन्थ्यो। किनभने मान्छे मार्ने, मारेपछि रगतले लटपटिएको वा रगत लागेको तरवार डबलीमा देखाउँदा त्यसको असर दर्शकहरुको मनमा पर्न जान्छ। साहित्य भनेको मनलाई आनन्द दिनका लागि हो। त्यसैले यस्तो विभत्स, हेर्न डरलाग्दो दृश्य नदेखाए हुन्थ्यो। विश्व प्रशिद्ध नाटककार शेक्सपियरको म्याकवेथ नाटकमा पनि म्याकवेथले राजा दनकनलाई मार्दा मारेको दृश्य देखाएन,

फेरि जुन खुकुरीले मारेको हो, त्यो खुकुरी पनि देखाएन । आफूकहाँ पाहुना भएर आउने राजालाई मारेर राख्दा म्याकबेथकी श्रीमतीले 'त्यो रगत परेको हात पहिला धोऊ' भन्दाखेरी 'अब मैले यो हात धुन सक्तिन । यदि यो हात मैले समुद्रमा नै धुँदा पनि त्यो समुद्र सबै रगतै रगत भएर रातो हुनेछ' भनेर जवाफ दिँदा केही पश्चातापको भाव देखाएको छ । यो नाटक पुस्तकमा राजा श्रङ्चङ्गम्पोले फेरि रिसाएर अर्को विद्रोहीलाई तरवार उठाएर मार्न खोज्दा भृकुटीले 'तरवारले शत्रु नाश गर्दैन, महाराज ! तरवारले शत्रु बढाउँछ मात्र' भन्ने सम्वाद निकै गहन र हृदयस्पर्शी पनि छ । यसरी नाटककारले नाटक नै पराकाष्ठामा (Climax) पुऱ्याएको देखिन्छ । हुन त राजाहरु धेरै रिसाहा हुन्छन् । त्यसमाथि तिनीहरुको रिस डरलाग्दो हुन्छ । तर भृकुटी र नेपालका बौद्ध धर्म गुरु दिपंकरबज्रको प्रयासले राजा श्रङ्चङ्गम्पोको सबै रिस साम्य पारेर शान्तिको बाटोमा ल्याएको कुरा राम्ररी चित्रण गरिएको छ । फेरि राजा श्रङ्चङ्गम्पो, महारानी उयेनचेङ, महारानी भृकुटी, दिपंकरबज्र गुरु, तिब्बती राजगुरु बोनगुरु र अरु विशिष्ट वर्ग सम्मिलित जुलुसमा नेपाल र तिब्बतका बाजाहरु बजाएका, नेपालबाट लगेको तथागतको मूर्तिलाई ठूलो समारोह बीच जोखाङ्ग बहीमा स्थापना गरेको, उक्त समयमा दिपंकरबज्र गुरुले बौद्ध स्तोत्र पाठ गरेको आदिको चित्रण निकै प्रशंसनीय छ । जसले गर्दा तिब्बतमा पछिसम्म शान्ति कायम भइरहन्छ भन्ने सन्देश दिएको छ । हुन पनि हो, भृकुटीले तिब्बतमा लामो समयसम्म बौद्धधर्म प्रचार गरेर त्यहाँका जनताको मनोवृत्तिमा परिवर्तन गरिदिइन् । जसको फलस्वरुप भृकुटी 'हरित तारा' भएर चम्किइन् ।

अन्तमा भन्छु, 'भृकुटी'को विषयमा एउटा राम्रो पूर्णाङ्की नाटक संग्रह लेख्नु भएकोमा मोहनकृष्णज्यूलाई धेरै धन्यवाद ज्ञापन गर्दछु ।

ज्ञानकाजी मानन्धर
बनेपा, नाला दुवाः
ने.सं. ११३४ चौलागा दशमि

Baa - You are our hero.

Hero - It's not just a word or a character from a movie, it has a great meaning in our life. Our hero is our grandfather Er. Mohan Krishna Dangol. He has been hero and role model to us whom we will look towards forever. He has been a inspiration to us our family .He spent his entire life in bringing the jyapu community to this level. He is the one who believes that everything is possible only we need is the will. He is one of the socialist that Jyapu Community ever had and cherrished by everyone today.

Ba our hero will always be with us no matter what we will always love you and we know you will always love us and we are very blessed to have such a special person in our life. Thank you for everything that you have done and tought us how to become a better person.

Grandsons and Granddaughters

नेपाली संस्करण सम्बन्धमा

समाजसेवी ई. मोहनकृष्ण डंगोल 'प्रेम मोहन सिरपाः गुथि'को दाता तथा संस्थापक मात्र होइनन् उपन्यासकार संगै नाटककार पनि हुनुहुन्थ्यो । उहाँको नेपालभाषामा प्रकाशित ऐतिहासिक पूर्णाङ्की नाटक 'भृकुटी' नेपालीको साथै अन्तर्राष्ट्रिय भाषाहरुमा पनि प्रकाशित गर्ने इच्छा थियो । अंग्रेजी भाषामा त रेडियो संचालिका श्री सिल्भिया राजोपाध्यायले अनुवाद गरी दिनु भयो । अब नेपाली भाषामा उपन्यासकार शशिकला मानन्धरज्यूले अनुवाद गरि दिनु भयो । बिस्तारै हिन्दीको साथै थाई भाषा र जापानी भाषामा प्रकाशित गर्ने योजना छ । सायद परिवारको सहयोगले त्यो पनि चाँडै पूर्ण हुने आशामा छौं । धन्यवाद ।

राजा शाक्य
अध्यक्ष
प्रेम मोहन सिरपाः गुथिः

पात्र परिचय

१.	अंशुवर्मा	नेपालको प्रतापी, सूरवीर र बुद्धिमान राजा
२.	महारानी	अंशुवर्माकी रानी
३.	भृकुटी	राजा अंशुवर्माकी छोरी
४.	श्रङचङगम्पो	तिब्बत देशका सूरवीर राजा
५.	उयेन चेङ	तिब्बत देशका राजा श्रङचङगम्पोकी पहिलो चिनिया महारानी
६.	पल्पसा	कान्तिपुर दरवारकी एक नर्तकी, भृकुटीसँग साथीको रुपमा तिब्बतमा जाने
७.	वासिंभाजु	राजाको सामन्त
८.	धुसिभाजु	दरवारको भान्छे
९.	धनवीर साहु	एक धनी व्यापारी
१०.	भकारी साहु	स्टोरकीपर
११.	धनकुटाको सामन्त	धनकुटाको सामन्त
१२.	लिङ्गला	लमजुङका सामन्त
१३.	प्यूठानको सामन्त	प्यूठानको सामन्त
१४.	ठकुरी सामन्त	ठकुरी सामन्त
१५.	जयबोधी मल्ल	मल्लपुरको युवराज

१६.	मैथिली सामन्त	जनकपुरको सामान्त
१७.	ताप्लेजुङको सामन्त	ताप्लेजुङको सामन्त
१८.	मगर सामन्त	मगर सामन्त
१९.	थारु सामन्त	थारु सामन्त
२०.	मोतिकाजी, सिम्पुभाइ, नायः, मोतिलानी, श्रीमाया, हेराभाइ, सन्ध्या, सानुमैंया, हेरालानी, मायदाइ, सिनां, पुनां	नेपालको प्रजावर्गहरु
२१.	गुप्तचर	राजाकहाँ देशविदेशको कुरा पुऱ्याउनेहरु
२२.	धम्बोजि	राजा श्रङचङगम्पोको सामन्त
२३.	बोनपा लागा	बोन गुरु, बोन धर्मको ज्ञाता, तिब्बत देशका राजगुरु
२४.	बज्रसत्व	बौद्ध धर्मको ज्ञाता
२५.	दिपंकर बज्र	बौद्ध धर्मगुरु
२६.	पुजारी	बज्रयोगिनी पुजा गर्ने
२७.	ह्वाङ्मी, सिङ्गला, ताङ्मि र सिमाला	तिब्बती प्रजावर्ग
२८.	उद्घोषक	सांस्कृतिक कार्यक्रम चलाउने मान्छे
२९	महासामन्त	चीनको सामन्त

दृश्य १

स्थान : दरवारको चोक

समय : साँझपख

(पर्दा खोल्ने बित्तिकै आठ जना बालिकाहरु रुमाल लुकाइ खेल खेल्न तयार भइरहन्छन्। तिनीहरुको खेल सुरु हुन्छ। पछाडि रुमाल लुकाएर घुमेर खेल्ने खेल तीन चोटीसम्म खेलिसकेपछि राजकुमारी भृकुटी डबलीमा आउँछिन्।)

एक बालिका : राजकुमारी भृकुटी आइन्, अब अर्को खेल खेल्ने ।

दोश्रो बालिका : **(थाकेको स्वरमा)** मलाई त थकाइ लाग्यो । आजलाई पुग्यो भनुँ कि ?

भृकुटी : म आउने बित्तिकै खेल सकाउने र । **(खुसि हुँदै)** म पनि त खेल्न मन लागेर आएकी ।

तेश्रो बालिका : **(अघि सर्दै भृकुटीलाई साथ दिँदै)** हामीसँग खेल्न आएकी भृकुटीसँग अब अर्कै खेल खेलौं न बरु ।

सबैले : हुन्छ....., हुन्छ...... ।

चौथो बालिका : कुन खेल खेल्ने ?

भृकुटी : आज एकचोटी प्रशन उत्तर खेल खेलौं न, हुन्न ?

सबैले : हुन्छ.........., हुन्छ .... **(एउटै स्वरमा)**

दोश्रो बालिका : नाइके को हुने छ ? **(सबै शान्त)**

भृकुटी : गोला राख्ने । गोलामा पर्ने नाइके हुने ।

(गोला राख्ने काम हुन्छ। ती मध्ये एक बालिका नाइके हुन्छे। नाइकेले चार चारजनाको दुई समूह बनाउँछिन् । एउटा समूहलाई दाँया र अर्को समूहलाई बायाँ बसाउँछिन् । नाइके आफू अलि अग्लो ठाउँमा बसेर आदेश दिन्छिन् ।)

नाइके : यो खेलमा पालैपालो उत्तर दिनुपर्छ। दुई समूह मध्ये उत्तर दिने पालोको समूहभित्रको एकले जसले उत्तर दिए पनि हुन्छ। उत्तर ठीक भएन भने काम समातेर उभिरहने। अनि अर्को समूहबाट ठीक उत्तर आयो भने त्यही समूहमा बस्न जाने। यदि अर्को समूहले पनि ठीक उत्तर दिन सकेन भने नाइकेले ठीक उत्तर दिनु पर्छ। **(यति भनेर नाइकेले प्रश्न गर्न सुरु गर्छिन्)**

तल को आयो ? धाप्लां (कपाल लामो हुने) ख्याक

के गर्न आयो ? भोज खान आयो

कस्तो भोज ? गुलियो रोटी भोज

कस्तो गुलियो ? डल्लो गुलियो

कस्तो डल्लो ? भकुण्डो जस्तो

मिलेन ! मिलेन ! **(उफ्रीउफ्री सबैले ताली बजाउँछन् । उत्तर दिन नसक्नेले कान समाइ बसिरहन्छिन्। उसलाई अर्को समूहमा पठाउँछ। अर्को समूहले (दाँयातर्फ)** उत्तर दिन थाल्छ ।

बम जस्तो डल्लो ! ठीक

कस्तो बम ? रुख बम

कस्तो रुख ? दलदले रुख (माटो र पानी जमेको ठाउँ, दलदल)

कस्तो दलदल ? माटोको दलदल

कस्तो माटो ? कालो माटो

नाइके : मिलेन मिलेन ! **(अर्को समूहले उत्तर दिन नसकेपछि नाइकेले भन्छ)** दुवै समूहले भनेको मिलेन । ठीक उत्तर हो, गाँठोमाटो । **(फेरी प्रश्न सुरु गर्छ ।)**

कस्तो गाँठो ? खैरो गाँठो

के खैरो ? बाँदर खैरो

कस्तो बाँदर ? कालो बाँदर (लंगूर)

मिलेन ! **(अर्को समूहले ठीक उत्तर दिन्छ - पुरानो बाँदर । ठीक उत्तर आयो ।)**

कस्तो पुरानो ? दही पुरानो

कस्तो दही ? भक्तपुरे दही

मिलेन । **(ठीक उत्तर कसैले भन्न सक्दैनन् । अनि नाइकेले उत्तर दिन्छिन्)** ठूलो पूजाथालीको दही ।

कस्तो ठूलो पुजाथाली ? पित्तलको ठूलो पूजाथाली

कस्तो पित्तल ? लामो पित्तल

कस्तो लामो ? खोला लामो

कस्तो खोला ? विष्णुमती खोला

मिलेन, मिलेन ! **(अर्को समूहले उत्तर दिन्छन्)** - मैलो कपडा धुने खोला । **(सबैले ताली बजाउँछन् ।)**

कस्तो मैलो कपडा ? लुगाफाटा

कस्तो लुगाफाटा ? आइमाई लुगा

कस्तो आइमाई ?   तरुणी आइमाई

मिलेन, मिलेन । अर्को पक्षले उत्तर दिन्छन् - बुढी आइमाई । **(सबै कराउँछन्)** तरुणी आइमाई पनि होइन, बुढी आइमाई पनि होइन, अनि कस्ती आइमाई ?

नाइके : थोती आइमाई ।

कस्तो थोती ?   दाँत नभएकी

कस्तो दाँत ?   अगाडीको दाँत ।

(यति भनिसकेपछि सबैले ताली बजाउँछन् । खेल्न सकियो भन्दै सबै डबलीबाट तल झर्छन् । पर्दा बिस्तारै खस्छ ।)